संवत् २०८२ साल साउन ८ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००१/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | राजश्व शाखा | थाहा नगरपालिकाको आग्रा र पालुङ क्षेत्रमा सञ्चालनमा रहेको क्रसर उद्योगहरुमा रहेको ढुङ्गा, गिट्टी, बालुवा, माटो लगाएत नदीजन्य पदार्थको मौज्दात नापजाँच गरी मौज्दात प्रमाणीकरणका लागि जिल्ला समन्वय समितिको कार्यालय, हेटौंडामा पठाउने । |
| २. | राजश्व/आर्थिक प्रशासन शाखा | ढुङ्गा, गिट्टी, बालुवा, माटो लगाएत नदीजन्य पदार्थको ठेक्का नलागुन्जेल प्रमाणीत मौज्दात अमानतमा बिक्रि गरी कर संकलन गर्ने प्रयोजनार्थ आग्रा क्षेत्रको लागि ७ नं. वडा कार्यालयको सिफारिसको आधारमा मिति २०८२/०४/०५ गते देखी लागुहुने गरी रामशरण खत्रीलाई मासिक रु.२४,५००/- (अक्षेरुपी चौबीस हजार पाँच सय रुपैया मात्र) पारिश्रमिक पाउने गरी कर संकलक नियुक्ति गर्ने र पालुङ क्षेत्रका लागि नगर प्रहरी परिचालन गर्ने । |
| ३.१ | स्वासथ्य शाखा | थाहा नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ देखी २०८१/०८२ असार ३२ गते सम्म वडा नं. १ देखि १२ वटै वडाहरु पूर्ण संस्थागत सूत्केरी वडा घोषणा गरी "पूर्ण संस्थागत सुत्केरी स्थानीय तह घोषणा कार्यक्रम संचालन निर्देशिका" बमोजिमको मापदण्ड पुरा गरेकोले जिल्ला स्तरीय प्रजनन् स्वास्थ्य समन्वय समिति र जनस्वास्थय कार्यालयलाई यस पालिकामा स्थलगत अनुगमन र प्रमाणीकरण गर्न अनुरोध गर्ने साथै पूर्ण संस्थागत सूत्केरी स्थानीय तह घोषणा प्रकृया अगाडी बढाउने । |
| ३.२ | योजना/आर्थिक प्रशासन शाखा | आर्थिक वर्ष २०८१/०८२ मा भुक्तानी हुन नसकी दायित्व सिर्जना भएका साथै म.ले.प.फा.नं. २३१ स्वीकृत गरी राखिएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको आ.व. २०८२/०८३ मा भुक्तानी गर्ने । |
| ३.३ | योजना शाखा | योजना महाशाखाबाट पेश भए बमोजिमको योजना कार्यान्वयन तालिका स्वीकृत गर्ने । |
| ३.४ | योजना/ प्राविधिक | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिमका योजनाहरुको म्याद थप गर्ने । |
| ३.५ | योजना/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिका वडा नं. ७ मा निर्माणधिन चौबास खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक रु.२५ लाख बजेट मिल्दो जुल्दो शिर्षकबाट व्यवस्थापन गर्ने । |
| ३.६ | स्वास्थ्य/ प्रशासन शाखा | थाहा नगरपालिकामा अ.न.मी. (सहायक चौथो) पदमा कार्यरत पुनम पाखिनलाई अध्ययन प्रयोजनको लागि प्रवेश परीक्षामा सहभागी हुन पूर्व स्वीकृती प्रदान गर्ने । |
| ३.७ | प्रशासन शाखा | नगर प्रमुख ज्यूको सचिवालयमा स्वीकृत दरबन्दीको सेवा करारमा रिक्त रहेको प्रशासन सेवा, सामान्य प्रशासन समूह सहायकस्तर चौथो पदमा कामकाज गर्न सेवा करारमा कर्मचारी नियुक्ति गर्ने । |
| ३.८ | स्वास्थ्य/प्रशासन शाखा | नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत वैद्य पदमा कार्यरत कर्मचारीको म्याद थप नगर्ने र उक्त रिक्त दरबन्दी पदपुर्तिको लागि १५ दिने सूचना आव्हान गरी प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने । |
| ३.९ | पशु विकास शाखा | घाँसको विउ खरिद गर्ने प्रस्ताव आर्थिक विकास समितिबाट निर्णय भई आएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता